# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, कात्तिक १४ गते २०४२ साल ( अतिरिक्ताङ्क ३५


## भाग २

### श्री ५ को सरकार
### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. २५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## औद्योगिक व्यवसाय ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः औद्योगिक व्यवसाय ऐन, २०३८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय (पहिलो संशोधन) ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा २ मा संशोधनः औद्योगिक व्यवसाय ऐन, २०३८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (झ) पछि देहायको खण्ड (झ१), (झ२), (झ३) र (झ४) थपिएका छन् :-

"(झ१) "कोरा माल" भन्नाले उद्योगको उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्षरूपले प्रयोग हुने कोरा माल सम्झनुपर्छ ।

(झ२) "सहायक कोरा माल" भन्नाले उद्योगको उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्षरूपले प्रयोग हुने सहायक कोरा माल सम्झनुपर्छ ।

(झ३) "रासायनिक पदार्थ" भन्नाले उद्योगको उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्षरूपले प्रयोग हुने रासायनिक पदार्थ सम्झनुपर्छ ।

(झ४) "स्वदेशी कच्चा पदार्थ" भन्नाले स्वदेशी कच्चा पदार्थ वा विदेशी कच्चा पदार्थमा स्वदेशका उद्योगले कम्तिमा पचास प्रतिशत मूल्य अभिबृद्धि गरी उत्पादन गरेको कच्चा पदार्थ सम्झनुपर्छ ।"

३. मूल ऐनमा दफा २ पछि दफा २क. र २ख. थपः मूल ऐनको दफा २ पछि देहायको दफा २क. र दफा २ख. थपिएको छ :-

"२क. उद्योगको स्तर तोक्नेः उद्योगको प्रकृतिको आधारमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घरेलु, साना, मझौला वा ठूला उद्योगको रूपमा मात्र स्थापना गर्न पाउने गरी तोक्न सक्नेछ ।

२ख. घरेलु उद्योगको उत्पादनको सीमा तोक्न सक्नेः यो ऐन वा यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम स्थापित कुनै घरेलु उद्योगको प्रकृतिको आधारमा श्री ५ को सरकारले सम्बन्धित उद्योग व्यवसायी संस्था समेतको राय लिई त्यस्तो घरेलु उद्योगको वार्षिक उत्पादनको अधिकतम मूल्यको सीमा तोक्न सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५२

४. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को,–

(१) खण्ड (क) को उपखण्ड (२) पछि देहायको उपखण्ड (२क) थपिएको छः–

"(२क) उपखण्ड (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योगको स्तर परिवर्तन भएमा स्तर परिवर्तन भएको मितिदेखि त्यसरी स्तर परिवर्तन भएको उद्योगले नयाँ स्तरको उद्योगमा रहँदा पाउने सुविधामा साविकको स्तरमा रहँदा पाइसकेको सुविधा कट्टा गरी बाँकी सुविधा मात्र पाउनेछ ।"

(२) खण्ड (क) को उपखण्ड (३) मा रहेको "आवश्यक उपभोग्य वस्तु उत्पादन गर्ने उद्योगलाई" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (क) को उपखण्ड (६) पछि देहायको उपखण्ड (६ क) थपिएको छः–

"(६क) उपरोक्त उपखण्डहरूमा उल्लिखित अवधि व्यतित भएपछि कुनै उद्योगको नाम वा स्वामित्व परिवर्तन भए पनि त्यस्तो उद्योगलाई उक्त उपखण्डहरूबमोजिम पुनः आयकर सुविधा दिइनेछैन ।"

(४) खण्ड (क) को उपखण्ड (१२) पछि देहायको उपखण्ड (१३) र (१४) थपिएका छन्ः–

"(१३) कुनै पब्लिक कम्पनीको रूपमा रहेको उद्योगले कम्तिमा जारी पूंजीको पन्ध्र प्रतिशत शेयर धितोपत्र कारोबार गर्न मान्यता प्राप्त संस्थामार्फत सर्वसाधारणमा जारी गरी एक व्यक्तिलाई बढीमा एकसय थान शेयर लिने शेयरवालाहरूको स्वामित्वमा रहने गरी वितरण गरेमा त्यस्ता उद्योगलाई थप पाँच प्रतिशतसम्म आयकर छुटको सुविधा दिइनेछ ।

(१४) कुनै उद्योगले आफ्नो मुनाफाबाट श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको पब्लिक कम्पनीको रूपमा रहेको उद्योगको शेयरमा लगानी गरेमा त्यसरी लगानी गरेको रकममा शत प्रतिशत आयकर छुट दिइनेछ ।"

(५) खण्ड (ख) को उपखण्ड (२) मा रहेको "उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्षरूपले प्रयोग हुने" भन्ने शब्दहरूको सट्टा "लागि आवश्यक पर्ने" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६३

(६) खण्ड (ख) को उपखण्ड (६) मा रहेको "उत्पादन, मिश्रण र प्रशोधन प्रक्रियामा प्रत्यक्षरूपले प्रयोग हुने" भन्ने शब्दहरू झिकिएका छन् ।

(७) खण्ड (ग) को उपखण्ड (४) मा रहेका "अन्तःशुल्क छुट दिइनेछैन" भन्ने शब्दहरूको सट्टा "सोही सूचनामा तोकेको दरमा अन्तःशुल्क लाग्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।

(८) खण्ड (ग) को उपखण्ड (४) पछि देहायको उपखण्ड (४क) थपिएको छ :–

"(४क) उपखण्ड (१), (२) र (३) मा उल्लिखित अवधि व्यतित भएपछि कुनै उद्योगको नाम वा स्वामित्व परिवर्तन भए पनि त्यस्ता उद्योगलाई उक्त खण्डहरूबमोजिम पुनः अन्तःशुल्क सुविधा दिइनेछैन ।"

(९) खण्ड (ग) को उपखण्ड (५) को शुरूमा "श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको स्वदेशी औद्योगिक उत्पादन बाहेक अन्य" भन्ने शब्दहरू थपिएका छन् ।

(१०) खण्ड (ग) को उपखण्ड (७) मा रहेका "छुट पाउनेछ" भन्ने शब्दहरूको अगाडि "उद्योग विभागले तोकेको मापदण्डको आधारमा" भन्ने शब्दहरू थपिएका छन् ।

(११) खण्ड (घ) को उपखण्ड (४) मा रहेका "उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्षरूपले प्रयोग हुने" भन्ने शब्दहरूको सट्टा "लागि आवश्यक पर्ने" भन्ने शब्दहरू राखिएका छन् ।

(१२) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :–

"(झ) ह्रास कट्टीको सहुलियत :–

(१) उद्योगले स्थीर जेथाको ह्रास कट्टी गर्दा प्रचलित आयकर नियमावलीमा उल्लिखित दरमा पच्चीस प्रतिशत थप गरी कट्टा गर्न पाउनेछ ।

(२) उद्योगले स्थीर जेथाको ह्रास कट्टी गर्दा समान किस्ता प्रणाली वा अधिकतर (एक्सीलरेटेड) दरमा कट्टी गर्न पाउनेछ ।

तर एउटा प्रणाली अपनाएपछि अर्को प्रणालीमा परिवर्तन गर्न पाउनेछैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५४

५. मूल ऐनमा दफा १० पछि दफा १०क. र १०ख. थप : मूल ऐनको दफा १० पछि देहायको दफा १०क. र १०ख. थपिएका छन् :–

"१०क. उपसमितिको गठन, काम, कर्तव्य र अधिकार तथा कार्यविधि : (१) घरेलु उद्योगहरूलाई दफा १० को खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित आयकर, भंसार, अन्तःशुल्क र बिक्रीकर सुविधा तोकिएको समयभित्र उपलब्ध गराउन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार सम्बन्धित व्यक्तिहरू रहेको केन्द्र र जिल्लास्तरीय उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका उपसमितिहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सोही उपदफा (१) बमोजिम प्रकाशित सूचनामा तोकेबमोजिम हुनेछ ।

१०ख. उद्योग बन्द गर्न स्वीकृति लिनुपर्ने : (१) यो ऐन वा यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम स्थापित तोकिएको प्रकृतिको कुनै उद्योग बन्द गर्नु परेमा तोकिएबमोजिमका विवरणहरू खुलाई सम्बन्धित विभागमा सूचना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित विभागले निर्णय दिनेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृति प्राप्त नगरी त्यस्तो उद्योग बन्द गर्न पाइनेछैन ।"

६. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को,–

(१) उपदफा (१) मा रहेका "औद्योगिक व्यवसाय ऐन, २०३० बमोजिम" भन्ने शब्दहरूको सट्टा "कानूनबमोजिम" भन्ने शब्दहरू र सोही उपदफामा रहेको "ऐनबमोजिम" भन्ने शब्दहरूको सट्टा "कानूनबमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :–

"(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि अनुमति प्राप्त गरी अनुमतिपत्रमा अवधि तोकिएको भए सो अवधिभित्र र अवधि नतोकिएमा यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र उत्पादन शुरू गरेका कुनै उद्योगले उपदफा (३) अनुसार यो ऐनबमोजिमको सुविधा, सहुलियत तथा संरक्षण पाउन नसक्ने भएमा त्यस्तो अनुमति पाएको बखत प्रचलित रहेको कानूनबमोजिम कुनै सुविधा, सहुलियत तथा संरक्षण पाउने रहेछ भने त्यस्तो उद्योगले सोही कानूनबमोजिम सुविधा, सहुलियत तथा संरक्षण पाउनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।